T

GI-1051

# SEE (Grade Increment) 2080 (2024)
## अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा | पूर्णाङ्क : ७५

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

### समूह 'क'

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (११×१=११)

१. सामाजिकीकरण भनेको के हो ?

२. सुनकोसी मरिण डाइभर्सन आयोजनाको एक फाइदा लेख्नुहोस् ।

३. घरेलु हिंसावाट पर्ने एक असर लेख्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध जनचेतना जगाउने आकर्षक नारा सहितको प्लेकार्ड तयार पार्नुहोस् ।

५. नेपालमा गणतन्त्र कहिले घोषणा भयो ?

६. युद्ध समस्याको समाधान होइन, किन ? एक वाक्यमा लेख्नुहोस् ।

७. आन्तरिक पर्यटक र वाह्य पर्यटकविच एक भिन्नता लेख्नुहोस् ।

८. तपाईं सहकारीको सदस्य हुनुभयो भने के फाइदा लिन सक्नुहुन्छ ? एक फाइदा लेख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घको कुनै एक कार्य लेख्नुहोस् ।

१०. "सूचना तथा सञ्चार प्रविधिको विकास मानव जीवनमा आवश्यक छ" किन ? एक वाक्यमा लेख्नुहोस् ।

११. तपाईंको परिवारले गुणस्तरीय जीवन प्राप्त गर्न अपनाएको कुनै एक उपाय लेख्नुहोस् ।

### समूह 'ख'

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : (९×४=३६)

१२. नेपालमा विविधतामा एकता कायम गर्न के कस्ता प्रयास गर्नुपर्ला ? कुनै चार सुझावहरू प्रस्तुत गर्नुहोस् ।

१३. राष्ट्रिय गौरवका कुनै एक आयोजनाको छोटो परिचय दिनुहोस् ।

१४. अन्तर्राष्ट्रिय व्यक्तित्वबाट प्राप्त हुन सक्ने प्रेरणा उल्लेख गर्दै दुई साथी विचको संवाद तयार पार्नुहोस् ।

Contd...

१५. नेपाली लोक बाजा संरक्षणका लागि स्थानीय तहलाई तपाईंले दिन सक्ने चारओटा सुझावहरू लेख्नुहोस् ।

अथवा

हाल युद्धरत मुलुकहरूमा शान्ति कायम गर्नका लागि कसरी विश्वबन्धुत्वको भावना विकास गर्न सकिएला ? आफ्नो विचार लेख्नुहोस् ।

१६. सामाजिक समस्याले समाजको विकासमा बाधा पुऱ्याउँछ, कसरी ? प्रष्ट पार्नुहोस् ।

१७. व्यवस्थापिकाले गर्ने कुनै चार कार्यहरू लेख्नुहोस् ।

१८. पहाडको उपस्थितिले हावापानीमा कसरी प्रभाव पार्छ ? प्रस्ट पार्नुहोस् ।

१९. नेपालको परराष्ट्र सम्बन्ध सुधारका लागि अपनाउनु पर्ने तीन उपाय समेटी साथीलाई चिठी लेख्नुहोस् ।

२०. पारिवारिक योजनाको चारओटा महत्त्व लेख्नुहोस् ।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. मानव अधिकार संरक्षणमा विभिन्न संस्थाहरूले काम गरिरहँदा पनि मानव अधिकार हननका समाचारहरू आइरहन्छन् । यसो हुनुका तीन कारण उल्लेख गर्दै समाधानका चार उपायहरू लेख्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् ।

(क) सगरमाथा हिमाल

(ख) मधेशप्रदेश

(ग) मध्यपहाडी लोकमार्ग

(घ) फेवा ताल

अथवा

पृष्ठ भरिने गरी उत्तर अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) सुपेरियर ताल

(ख) म्याकिन्ले पर्वत

(ग) सेन्ट लरेन्स नदी

(घ) मेक्सिको खाडी

**अथवा**

**(दृष्टिविहीनहरूका लागि मात्र)**

उत्तर अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक पक्षको वर्णन गर्नुहोस् ।

२३. प्रथम विश्व युद्धका तीन कारण र चार परिणामहरू लेख्नुहोस् ।

२४. विमाको महत्त्व र विमा गर्दा ध्यान दिनु पर्ने कुराहरू उल्लेख गर्दै एक लेख तयार पार्नुहोस् ।

ઙઙઙ

RE 1051

# SEE 2080 (2024)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणका कुनै दुई तत्वहरूको नाम लेख्नुहोस् ।

२. मानव विकास सूचकाङ्कबाट कुनै पनि देश विकासको वास्तविकता थाहा पाउन सकिन्छ, कसरी ? एक वाक्यमा लेख्नुहोस् ।

३. हाम्रो समाजमा प्रचलित प्रथासँग सम्बन्धित अन्धविश्वासको एक उदाहरण लेख्नुहोस् ।

४. घरेलु हिंसा नियन्त्रण गर्न उपयुक्त हुने एक सन्देशमूलक प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. जनमत सङ्ग्रहलाई किन प्रजातान्त्रिक प्रक्रिया भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

६. दोस्रो जनआन्दोलनको प्रमुख उपलब्धि केलाई मान्नुहुन्छ ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।

७. जीवन बिमाको अर्थ एक वाक्यमा लेख्नुहोस् ।

८. वैदेशिक रोजगारमा गएका तपाईंका आफन्तले विदेशमा कमाएर पठाएको विप्रेषण रकमलाई कसरी सदुपयोग गर्न सुझाव दिनुहुन्छ ? कुनै एक सुझाव उल्लेख गर्नुहोस् ।

९. सूचना तथा सञ्चार प्रविधिको महत्त्व बारे एक वाक्यमा लेख्नुहोस् ।

१०. 'सोचमा विश्वव्यापीकरण काममा स्थानीयकरण' भन्ने भनाइको पक्षमा आफ्नो तर्क एक वाक्यमा दिनुहोस् ।

११. समुदायको स्वास्थ्यमा सुधार गर्न तपाईंको समुदायले गरेको कुनै एक कार्य लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "हाम्रो राष्ट्रिय गानमा नै झल्किएको छ हाम्रो पहिचान" यस भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।

१३. दिगो विकासको आर्थिक, सामाजिक महत्त्व चार बुँदामा उल्लेख गर्नुहोस् ।

१४. तपाईंले अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनीबाट प्राप्त गर्नुभएको प्रेरणालाई आफ्नो जीवनमा कसरी प्रयोग गर्नुहुन्छ ? लेख्नुहोस् ।

१५. विश्वमा विश्वबन्धुत्व र मानवता कसरी अभिवृद्धि गर्न सकिएला ? आफ्ना विचारहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

अथवा

हाम्रा ऐतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा भएका प्रयासहरूको मूल्याङ्कन गर्नुहोस् ।

१६. नेपालमा बढ्दो भ्रष्टाचारको प्रवृत्तिले समाजमा पारेको प्रभाव चार बुँदामा विश्लेषण गर्नुहोस् ।

१७. सङ्घीय कार्यपालिका र न्यायपालिकाको अन्तरसम्वन्ध दर्साउनुहोस् ।

१८. 'हावापानीले सामाजिक जनजीवनमा प्रभाव पार्छ ।' आफू बसोवास गरेको भौगोलिक क्षेत्रको उदाहरणबाट चार बुँदामा स्पष्ट पार्नुहोस् ।

१९. "संयुक्त राष्ट्र सङ्घका समसामयिक चुनौती" शीर्षकमा एक दैनिक पत्रिकामा प्रकाशनार्थ सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

२०. नेपालको पहाडी तथा मध्य पहाडी क्षेत्रमा सडक यातायात तथा भौतिक पूर्वाधारको विकास भएता पनि बसाईंसराइको प्रवृत्ति नरोकिनुका कारणहरू चार बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (४×७=२८)

२१. संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको आवश्यकता पहिचान गर्नुहोस् ।

२२. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरी भर्नुहोस् :

(क) कञ्चनजङ्घा हिमाल

(ख) मधेस प्रदेश

(ग) नारायणी नदी

(घ) खप्तड राष्ट्रिय निकुञ्ज

**अथवा**

पृष्ठ भरिने गरी दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् :

(क) एन्जल झरना

(ख) अमेजन नदी

(ग) पाटागोनिया मरुभूमि

(घ) उरुग्वे

अथवा

(दृष्टिविहीनहरूका लागि मात्र)

दक्षिण अमेरिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक अवस्थाको सम्बन्धमा उल्लेख गर्नुहोस् ।

२३. दोस्रो विश्वयुद्धपछि देखिएका प्रभावहरूको सम्वन्धमा स्पष्ट पार्नुहोस् ।

२४. 'नेपालमा पर्यटनको सम्भावना र यसको महत्त्व' शीर्षकमा दुई साथीबिच संवाद तयार पार्नुहोस् ।

●●●

# SEE (Grade Increement) 2082 (2026)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणका कुनै दुई सिप उल्लेख गर्नुहोस ।
२. सडक परियोजना सञ्चालन गर्दा दिगो विकासको अवधारणा अनुरूप सञ्चालन गर्न के गर्नु पर्ला ? एउटा उपाय लेख्नुहोस् ।
३. तपाईंको समुदायमा रहेका कुनै एक सामाजिक समस्या लेखी त्यसको समाधानको एक उपाय उल्लेख गर्नुहोस् ।
४. यौन विसङ्गति विरुद्ध जनचेतनामूलक नारा लेख्नुहोस् ।
५. प्रथम विश्वयुद्धमा नेपालले कुन देशको पक्षबाट युद्ध लडेको थियो ?
६. संयुक्त राष्ट्र सङ्घको स्थापनालाई दोस्रो विश्वयुद्धको सकारात्मक परिणाम मानिन्छ, किन ?
७. पर्यटनको एक महत्त्व लेख्नुहोस् ।
८. यदि तपाईं कुनै व्यवसाय सञ्चालन गर्दै हुनुहुन्छ भने व्यावसायिक कारोबारका लागि बचत, चल्ती, मुद्दती खातामध्ये कुन खाता खोल्नुहुन्छ र किन ?
९. असंलग्न परराष्ट्र नीति भनेको के हो ? ☐
१०. सूचना प्रविधिले तपाईंको सिकाइलाई कसरी सहयोग पुऱ्याउँछ ?
११. तपाईं गुणस्तरीय जीवन जिउनका लागि के कुरामा ध्यान दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९ × ४ = ३६)**

१२. "अनेकताभित्रको एकता नेपाली समाजको विशेषता" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।
१३. मध्य पहाडी लोकमार्ग र काठमाडौं तराई/मधेश द्रुतमार्ग निर्माण कार्य सम्पन्न भएपछि प्राप्त हुने कुनै दुई दुई फाइदा उल्लेख गर्नुहोस् ।
१४. 'राष्ट्रिय सम्पदा हाम्रो पहिचान' शीर्षकमा एउटा सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

१५. नेपाली लोक सङ्गीतको संरक्षण र प्रवर्धन गर्न स्थानीय सरकारलाई दिने चार सुझाव लेख्नुहोस् ।

अथवा

जेष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिको सम्मानका लागि सरकारले के गर्नुपर्छ ? कुनै चार सुझाव प्रस्तुत गर्नुहोस् ।

१६. नेपालमा भ्रष्टाचार न्यूनीकरणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत विभिन्न सङ्घसंस्था सक्रिय हुँदाहुँदै पनि भ्रष्टाचार कम नहुनाका चार कारण लेख्नुहोस् ।

१७. आम निर्वाचनलाई सफल तरिकाले सम्पन्न गराउन नागरिकको भूमिका कस्तो हुनुपर्छ ? चारओटा बुँदामा प्रष्ट पार्नुहोस् ।

१८. हावापानीमा प्रभाव पार्ने प्रमुख चार तत्त्वको सूची बनाई कुनै एउटाको छोटकरीमा वर्णन गर्नुहोस् ।

१९. स्थानीयकरणको महत्त्व उल्लेख गर्दै साथीलाई पठाउने एक इमेलको नमुना तयार पार्नुहोस् ।

२०. सामुदायिक स्वास्थ्य सेवाका कुनै चार महत्व बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४ × ७ = २८)**

२१. लोकतन्त्रको संरक्षण गर्न र जनताको भावनाअनुसार काम गर्न राजनीतिक दलको भूमिका कस्तो हुनुपर्दछ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) चिया उत्पादन क्षेत्र (ख) लुम्बिनी

(ग) बागमती नदी (घ) अपि हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिकाको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) एन्डिज पर्वतमाला (ख) अमेजन नदी

(ग) फोकल्याण्ड टापु (घ) अटाकामा मरुभूमि

**दृष्टिविहीनका लागि मात्र**

| |
|---|
| भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् । |

२३. वि.सं. २०१७ पौष १ गतेको राजनीतिक घटना के थियो ? वि.सं. २०१७ देखि २०४६ सालसम्मका कुनै तीन राजनीतिक घटनाक्रमको सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।

२४. 'आर्थिक समृद्धिका लागि उर्जाको महत्त्व' शीर्षकमा एउटा लेख तयार पार्नुहोस् ।